# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


पत्र संख्या:- २०७९/०८०

## व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृत गर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना

*(दोस्रो पटक प्रकाशित मितिः २०७९/०८/२५)*

मरिण गाउँपालिका भित्र स्थापना भई संचालित विभिन्न व्यवसायहरुलाई कानूनी दायरामा ल्याउने प्रयोजनार्थ हाल सम्म दर्ता नभएका एवं नगरिएका तथा दर्ता गरेर पनि तोकिएको समयावधि भित्र नवीकरण नगरिएका साथै अन्य निकाय (घरेलु तथा साना उद्योग कार्यालय, आन्तरिक राजस्व कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय आदि) मा दर्ता भई मरिण गाउँपालिकाको क्षेत्र भित्र संचालनमा रहेका तर गाउँपालिकाको कार्यालयमा सूचीकृत नभएका सबै व्यवसायहरु यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा देहाय बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी दर्ता, नवीकरण तथा सूचीकृत गर्न गराउन हुन सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । अन्यथा गाउँ कार्यपालिकाको कार्यालयद्वारा गरिने अनुगमनका क्रममा उल्लिखित मिति भित्र आफ्नो व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृत गरेको नपाईएमा प्रचलित कानून बमोजिम जरिवाना एवं कारवाही हुने व्यहोरा सूचित गरिन्छ।

**आवश्यक कागजातहरु**

| व्यवसाय दर्ता | व्यवसाय नवीकरण | व्यवसाय सूचीकृत | कैफियत |
|---|---|---|---|
| ❖ निवेदन<br>❖ वडा कार्यालयको सिफारिस<br>❖ सरजमिन मुचुल्का<br>❖ नागरिकताको प्रतिलिपि<br>❖ जग्गाधनी पुर्जाको प्रतिलिपि<br>❖ जग्गाको तिरो तिरेको रसिद<br>❖ जग्गा/घर भाडामा भए बहाल सम्झौता पत्र/मञ्जुरीनामा<br>❖ बहालमा भए जग्गा/घरधनीको नागरिकता तथा जग्गाधनी पुर्जाको प्रतिलिपि<br>❖ ऐलानी जग्गाको हकमा सम्बन्धित वडाको सिफारिस | ❖ निवेदन<br>❖ स्थायी लेखा नं.(PAN) को प्रतिलिपि<br>❖ गत आ. व. २०७८/०७९ मा नवीकरण शुल्क बुझाएको निस्सा/राजस्व तिरेको रसिद<br>❖ व्यवसाय दर्ता प्रमाणपत्र( सक्कलै)<br>❖ उद्योग बाणिज्य संघ, मरिण शाखाको सदस्यता पुष्टि गर्ने कागजात | ❖ निवेदन<br>❖ व्यवसाय दर्ता प्रमाण पत्रको सक्कल प्रति तथा प्रतिलिपिको प्रति-थान १<br>❖ स्थायी लेखा नं. (PAN) को प्रतिलिपि<br>❖ गत आ. व. २०७८/०७९ मा नवीकरण शुल्क बुझाएको निस्सा/राजस्व तिरेको रसिद<br>❖ वडाको सिफारिस<br>❖ उद्योग बाणिज्य संघ, मरिण शाखाको सदस्यता पुष्टि गर्ने कागजात | |

२०७९/०८/२५

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत